# शिलबन्दी दरभाउपत्र प्रक्रियाबाट वन पैदावार लिलाम बिक्री सम्बन्धी सुचना

पहिलो पटक सूचना प्रकाशित मिति: २०८२/०८/२२ गते

यस सामुदायिक वन उपभोक्ता समूहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय बाँकेको च.नं. ३०६३ मिति २०८२/१२/१४ को वन पैदावार संकलन सहमति बमोजिम उत्पादित काठ र दाउराहरु मध्ये आन्तरिक खपत नभई बाँकी रहेका गोलिया काठ तथा दाउराहरुलाई डिभिजन वन कार्यलय बाँकेको च.नं. १४४७ मिति २०८२/०२/०२ गतेको बाह्य लिलाम सहमति बमोजिम समूहको घाटगद्दीमा रहेका साल, कर्मा, जामुन, धौटी जातका कुल जम्मा गोलिया थान ५५ को ७१२.५८ क्यू.फिट काठ तथा साल जातको २.७५ चट्टा दाउरा र अन्य जातको ३.७५ चट्टा दाउरालाई हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सुचना प्रकाशित गरिएको हो । ईच्छुक वन पैदावरको लिलाम बिक्रीमा भाग लिनका लागि डिभिजन वन कार्यालयमा सुचीकृत भएका स:मिल वा कम्पनीले यो पहिलो पटक सुचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र सिलबन्दी बोलपत्र खरिद गर्न र २२ दिनभित्र सिलबन्दी बोलपत्र दर्ता गर्न आह्वान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यलयमा सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ ।

## श्री गरिव नवाज सामुदायिक वन उपभोक्ता समूह

नरैनापुर गा.पा.-०१, बाँके